July 12th,  2024  Friday

यो आकाशवाणी हो।  समाचार अबिगेल राईबाट सुन्नुहोस्।

प्रमुख समाचार:

- बिमस्टेक सदस्य राष्ट्रका विदेशमन्त्रीहरूद्वारा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता
- सकारात्मक सुशासनले देशमा विशेषगरी युवा वर्गमा ठूलो परिवर्तन आएको उपराष्ट्रपति श्री जगदीप धनखरको भनाइ
- हरेक वर्ष जून २५ लाई 'संविधान हत्या दिवस'का रुपमा मनाउने अधिसूचना जारी
- भारत र भुटान जलवायु परिवर्तन, वायु गुणस्तर, वन र वन्यजन्तु व्यवस्थापनका क्षेत्रमा मिलेर काम गर्न सहमत
- अनि विम्बल्डन टेनिसमा, कार्लोस अल्काराजले आज साँझ पुरुष एकलको सेमिफाइनलमा ड्यानिल मेदभेदेवको सामना गर्ने

PM-BIMSTEC

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले शान्तिपूर्ण, समृद्ध, सुव्यवस्थित र सुरक्षित बिमस्टेक क्षेत्रप्रति भारतको प्रतिबद्धतालाई दोहोऱ्याउँदै आर्थिक र सामाजिक विकासको इन्जिनको रूपमा बिमस्टेकको भूमिकामाथि जोड दिनुभएको छ। बिमस्टेक सदस्य राष्ट्रका विदेशमन्त्रीहरूले आज नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेका छन् । प्रधानमन्त्रीले ऊर्जा, व्यापार, स्वास्थ्य, कृषि, विज्ञान, सुरक्षालगायतका क्षेत्रमा क्षेत्रीय सहयोगलाई सुदृढ बनाउने विषयमा मन्त्रीहरूसँग फलदायी छलफल गर्नुभएको थियो । प्रधानमन्त्रीले भारतको 'छिमेकी प्रथम' र 'लुक इस्ट' नीतिका साथै सागर भिजनको महत्त्वमाथि प्रकाश पार्नुभयो। प्रधानमन्त्रीले आगामी सेप्टेम्बरमा हुने बिमस्टेक शिखर सम्मेलनका लागि थाइल्यान्डलाई भारतले पूर्ण सहयोग गर्ने पनि बताउनुभयो।

## VP Empowering India

उपराष्ट्रपति श्री जगदीप धनखरले सकारात्मक सुशासनले देशमा विशेषगरी युवा वर्गमा ठूलो परिवर्तन आएको बताउनुभएको छ । मुम्बईमा आयोजित एक कार्यक्रममा उहाँले 'सशक्त भारत: विकसित भारत 2047 सिर्जना गर्न उच्च शिक्षा संस्थाहरूको भूमिका' मा मुख्य भाषण दिनुभयो। उपराष्ट्रपतिले अब मुलुकको निर्णय प्रक्रिया पारदर्शी र जवाफदेही भएको बताउनुभयो । यस्ता निर्णयले अर्थतन्त्रमा टेवा पुगेको उहाँको भनाइ छ । उहाँले सन् १९९० मा देशको अर्थतन्त्रको आकार लण्डन र पेरिस जस्ता सहरभन्दा कम रहेको तर अहिले बेलायत र फ्रान्सभन्दा अगाडि रहेको बताउनुभयो । उहाँले विश्व बैंकले भारतलाई लगानी र अवसरहरूको लागि विश्वव्यापी हबको रूपमा प्रशंसा गरेको पनि उल्लेख गर्नुभयो।

## Samvidhan Hatya Diwas

केन्द्र सरकारले हरेक वर्ष जून २५ लाई 'संविधान हत्या दिवस'का रुपमा मनाउने निर्णय गरेको छ ।

सरकारले जून २५ लाई 'संविधान हत्या दिवस'का रुपमा मनाउने अधिसूचना पनि जारी गरेको छ। यस दिन तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सन् १९७५ मा देशमा संकटकाल लगाउनुभएको थियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संविधान हत्या दिवस संकटकालको अत्याचार सहने प्रत्येक व्यक्तिका निम्ति श्रद्धांजलि अर्पण गर्ने दिन हो भन्नुभयो। सरकारको निर्णयबारे केन्द्रीय गृहमन्त्री श्री अमित शाहले यस दिवसले सन् १९७५ को संकटकालको अमानवीय पीडा सहने सबैको महान योगदानलाई सम्झने छ भन्नुभयो।

## India Bhutan

भारत र भुटान वातावरण, जलवायु परिवर्तन, वायुको गुणस्तर, वन, वन्यजन्तु व्यवस्थापन र क्षमता अभिवृद्धिका क्षेत्रमा मिलेर काम गर्न सहमत भएका छन् । भुटानका ऊर्जा तथा प्राकृतिक स्रोत मन्त्री श्री जेम छिरिङको नेतृत्वमा रहेको एउटा प्रतिनिधिमण्डलले नयाँ दिल्लीमा केन्द्रीय वातावरण, वन तथा

जलवायु परिवर्तन राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहसँग भेट गरेको छ। दुई नेताबीच वायुको गुणस्तर, जलवायु परिवर्तन, वन, प्राकृतिक स्रोत, वन्यजन्तु र नवीकरणीय ऊर्जाका विषयमा छलफल भएको थियो।

SC Kejriwal

सर्वोच्च अदालतले दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री अरविन्द केजरीवाललाई कथित अन्तःशुल्क घोटालासँग सम्बन्धित मुद्दामा अन्तरिम जमानत दिएको छ। न्यायमूर्ति श्री सञ्जीव खन्ना र श्री दिपङ्कर दत्तको खण्ड पीठले प्रवर्तन निदेशालयद्वारा गिरफ्तारीलाई चुनौती दिने दिल्लीका मुख्यमन्त्रीको निवेदनलाई अझै ठूलो पीठमा पठाएको थियो। यसैबीच आम आदमी पार्टीले यो निर्णयलाई ऐतिहासिक भएको बताएको छ। पार्टीका प्रवक्ता श्री सन्दीप पाठकले उक्त निर्णयले कथित अन्तःशुल्क नीतिको मुद्दा भाजपाले नै बनाएको स्पष्ट भएको सञ्चारमाध्यमलाई बताउनुभयो। अदालतले यो विषय बन्द गरेको उहाँले बताउनुभयो।

Nepal Accident

नेपालको चितवन जिल्लाको नारायणघाट–मुग्लिन सडकखण्डको सिमलताल क्षेत्रमा आज बिहान पहिरो खस्दा यात्रु बोकेका दुईवटा बस त्रिशूली नदीमा खसेका छन्। यी दुई बसमा जम्मा ६५ यात्रु सवार थिए। नेपाल प्रहरीका अनुसार काठमाडौंबाट रौतहटको गौर जाँदै गरेको बसमा ४१ जना र वीरगन्जबाट काठमाडौं जाँदै गरेको अर्को बसमा ७ भारतीयसहित २४ यात्रु सवार थिए।

Kerara – Sarwannda Sonowal

केन्द्रीय मन्त्री श्री सर्वानन्द सोनोवालले विजिनजाम बन्दरगाह देशको सामुद्रिक क्षेत्रको विकासका लागि कोसेढुङ्गा साबित हुने बताउनुभएको छ। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको देशमा विश्वस्तरको बन्दरगाह निर्माण गर्ने सपना पूरा गर्न यो ठूलो कदम भएको बताउनुभयो। केन्द्रीय मन्त्री आज तिरुवनन्तपुरमको विजिनजाम बन्दरगाहमा पहिलो कन्टेनर जहाज 'सान फर्नान्डो' को आगमनको औपचारिक स्वागत समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

Manoharlal - CPWD

आवास तथा शहरी मामिला मन्त्री श्री मनोहर लालले केन्द्रीय लोक निर्माण विभाग - CPWD का आयोजना गुणस्तरीय र समयमै सम्पन्न गर्न जोड दिनुभएको छ । नयाँ दिल्लीमा 170 औं CPWD वार्षिक दिवसमा एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले परियोजनाहरूमा बढी पारदर्शिता र कम लागतको आवश्यकतामा पनि जोड दिनुभयो ।

Pradhan – DU- Manusmriti

दिल्ली विश्वविद्यालयले मनुस्मृतिलाई एलएलबीको पाठ्यक्रममा समावेश गर्ने प्रस्तावलाई अस्वीकार गरेको छ । नयाँ दिल्लीमा सञ्चारमाध्यमसँग कुरा गर्दै शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले विश्वविद्यालयको प्राज्ञिक परिषदमा त्यस्तो कुनै प्रस्तावलाई समर्थन नगरिएको स्पष्ट पार्नुभयो। श्री प्रधानले संविधानको सर्वोच्चता कायम राख्न सरकार प्रतिबद्ध रहेको बताउँदै यसमा कुनै पनि शास्त्रको विवादास्पद अंश समावेश गर्ने प्रश्न नै नउठ्ने बताउनुभयो।

Kerala - Cholera

केरलाको तिरुवनन्तपुरममा विगत केही दिनमा हैजाका थप पाँच मामिला पुष्टि भएको छ। राज्यमा हैजाका बिरामीको संख्या ७ पुगेको छ । राज्यको स्वास्थ्य विभागले हैजाबाट बच्न सावधानी र रोकथामका उपायहरू अपनाएको छ। तिरुवनन्तपुरमको एक विद्यालयको छात्रावासमा बसेका विद्यार्थीमा हैजाको संक्रमण पुष्टि भएको हो । राज्यको स्वास्थ्य विभागले प्रकोपको कारण अनुसन्धान गर्न र यसको फैलावट रोक्न तत्काल उपायहरू गरेको छ। छात्रावास अस्थायी रूपमा बन्द गरिएको छ।

Assam Flood Update

आसाममा बाढीको स्थितिमा सुधार आएको छ तर २६ जिल्लाका दुई लाखभन्दा बढी गाउँ अझै पनि बाढीको चपेटामा छन् । राज्यभरि ४९ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा बाली नष्ट भएको छ । गएको २४ घण्टामा बाढीका कारण कुनै पनि मानवीय वा धनमालको क्षतिको समाचार आएको छैन ।

Wimbledon Tennis

लन्डनमा जारी विम्बल्डन टेनिसको पुरुष एकलको सेमिफाइनलमा आज स्पेनका कार्लोस अल्काराजले रुसका डेनिल मेदभेदेवको सामना गर्नेछन्। अर्को सेमिफाइनलमा सर्बियाका नोभाक जोकोभिचले इटालीका लोरेन्जो मुसेट्टीको सामना गर्नेछन् ।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- बिमस्टेक सदस्य राष्ट्रका विदेशमन्त्रीहरूद्वारा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता
- सकारात्मक सुशासनले देशमा विशेषगरी युवा वर्गमा ठूलो परिवर्तन आएको उपराष्ट्रपति श्री जगदीप धनखरको भनाइ
- हरेक वर्ष जून २५ लाई 'संविधान हत्या दिवस'का रुपमा मनाउने अधिसूचना जारी
- भारत र भुटान जलवायु परिवर्तन, वायु गुणस्तर, वन र वन्यजन्तु व्यवस्थापनका क्षेत्रमा मिलेर काम गर्न सहमत
- अनि विम्बल्डन टेनिसमा, कार्लोस अल्काराजले आज साँझ पुरुष एकलको सेमिफाइनलमा ड्यानिल मेदभेदेवको सामना गर्ने

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।